नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९
चलानी नं: २६४

सिंहदरबार, काठमाडौं
२०७८/०९/०९

श्री पर्यटन विभाग, भृकुटीमण्डप
श्री पुरातत्व विभाग, रामशाहपथ
श्री राष्ट्रिय संग्रहालय, छाउनी
श्री नारायणहिटी दरवार संग्रहालय, नारायणहिटी
श्री पाटन संग्रहालय, पाटन
श्री राष्ट्रिय कला संग्रहालय, भक्तपुर
श्री वृहत्तर जनकपुर क्षेत्र विकास परिषद, जनकपुरधाम
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप
श्री पशुपति क्षेत्र विकास कोष, वनकाली
श्री लुम्बिनी विकास कोष, लुम्बिनी
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी
श्री नेपाल नाट्य तथा संगीत प्र. प्रतिष्ठान, छाउनी
श्री नेपाल ललितकला प्र. प्रतिष्ठान, नक्साल
श्री सांस्कृतिक संस्थान, राष्ट्रिय नाचघर, जमल
श्री देवघाट क्षेत्र विकास समिति, देवघाट
श्री हलेसी महादेवस्थान विकास समिति, खोटाङ
श्री नेपाल प्रतिलिपी अधिकार र.कार्यालय, शान्तिनगर
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल
श्री नेपाल वायुसेवा निगम, कान्तीपथ
श्री नेपाल पर्यटन तथा होटल व्य. प्रतिष्ठान, रविभवन
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, बिजुलीबजार
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति, रविभवन
श्री पर्वतीय प्रशिक्षण विकास समिति , बिजुलीबजार
श्री पाटन संग्रहालय विकास समिति, पाटन
श्री पाथिभरा क्षेत्र विकास समिति , ताप्लेजुङ
श्री बौद्ध दर्शन प्र. तथा गुम्बा व्य. समिति, पुल्चोक
श्री तारागाउँ विकास समिति, बबरमहल
श्री बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध
श्री भानु जन्मस्थल विकास समिति, तनहूँ
श्री मनकामना क्षेत्र विकास समिति, गोरखा
श्री हनुमानढोका दरवार संग्रहालय वि. स., काठमाण्डौ

विषय- अचल सम्पतिको विवरण अद्यावधिक गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा हरेक निकायहरूले आ-आफ्नो स्वामित्वमा रहेका जग्गाजमिन, भवनहरू र सवारी-साधनको अद्यावधिक विवरण तयार गरी यस्ता सम्पतिको उपयोग एवं संरक्षण गर्न जरूरी छ। आफ्नो स्वामित्वमा रहेको जग्गा, भवन तथा सवारीको अद्यावधिक लगत नराख्दा त्यसको उपयोग गर्ने, परिचालन एवं संरक्षणमा कठिनाई भैरहेको व्यहोरा विधितै छ। कतिपय सार्वजनिक एवं सरकारी जग्गा जमिन, भवन एवं सवारी साधनहरू बेवारिसे अवस्थामा समेत रहने गरेको पाईएको छ । यस्तो हुँदा सरकारी सम्पतिको दुरूपयोग हुने गरेको र कतिपय स्थानहरूमा अतिक्रमण हुने गरेको समेत पाइएको छ । आफ्नो स्वामित्वमा रहेको सरकारी एवं सार्वजनिक सम्पतिको लगत राख्ने, अभिलेखिकरण गर्ने, संरक्षण गर्ने एवं अतिक्रमण एवं दुरुपयोग हुनबाट जोगाएर त्यसको समुचित परिचालन गर्ने प्रमुख दायित्व सम्बन्धित निकायको हो । सरकारी सम्पतिको संरक्षण गर्ने कार्य सबै कर्मचारी एवं पदाधिकरीहरूको कार्य सम्पादन मूल्याङ्कनसँग जोडिएको विषय पनि हो ।

कतिपय सरकारी निकायहरूलाई आफ्नो स्वामित्वमा के कति जग्गा जमिन छ, भवनहरू कति छन, सवारी साधनहरूको परिचालन कसरी भएको छ भन्ने विषयको जानकारी समेत नहुँदा सरकारी सम्पतिको दुरुपयोग हुने गरेको छ। हरेक सरकारी निकायहरूले आफ्नो आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन, भवन र सरकारी साधनहरूको खोजी गरी प्रोफाइल बनाउने, लगत कसी अभिलेखीकरण गर्ने, संरक्षण परिचालन एवं उपयोग गर्ने कार्यलाई आजैका मितिबाट सुरूवात गरी आफ्नो स्वामित्वमा रहेको सम्पतिको अद्यावधिक विवरण तयार गर्नुहुनेछ ।

नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९
चलानी नं:

सिंहदरबार, काठमाडौं

कतै सरकारी सम्पतिको अतिक्रमण भएको भए अतिक्रमित सम्पतिको लगत, अतिक्रमण हुनबाट जोगाउन गरिएको प्रयास सहितको विवरण समेत तयार गर्नु हुनेछ।

अत: माथि उल्लेख गरिएबमोजिमको आ-आफ्नो स्वामित्वमा हरेको जग्गाजमिन भवनहरू एवं सवारी साधनहरूको प्रोफाईल तयार गर्ने, अतिक्रमित सम्पतिको विवरण एवं संरक्षणका लागि गर्नुपर्ने सम्भावित उपयाहरू सहितको विवरण तयार गरी अभिलेखिकरण गर्ने र समग्र विवरणको Softcopy समेत यस मन्त्रालयको ईमेल ठेगाना info@tourism.gov.np वा babu.vb6@gmail.com मा समेत उपलब्ध गराउने व्यवस्था हुन एवं सो सम्बन्धमा यस मन्त्रालयबाट नियमित ताकेता गरिने व्यहोरा समेत नेपाल सरकार (सचिवस्तर) मिति २०७८/०९/०८ को निर्णयानुसार अनुरोध छ।

(प्रकाश दुलाल)
शाखा अधिकृत